# मिति २०७४/०३/३० गते बसेको सिद्ध कुमाख गाउँसभा बैठकका निर्णयहरू

१· प्रस्ताव नं १ मा छलफल गर्दा नेपाल सरकारबाट संघीय संरचना तथा पूर्वाधार विकास कार्यक्रम अन्तर्गत प्राप्त अनुदान ५२,००,०००। (अक्षेरुपी बाउन्न लाख) मध्ये यस आर्थिक बर्षमा खर्च भएको कुल रकम रु ४१,६२,५४९।६०।(चालु रु १४,१६,३६६।६० र पूजीगत रु २७,४६,१८३।) अनुमोदन गर्ने सर्वसम्मतले निर्णय गरियो।साथै यस आर्थिक बर्षमा बचत भएको रकम रु १०,३७,४५०।४० लाई आगामी आथिर्क बर्षको बजेटमा समाबेश गरि खर्च गर्ने निर्णय गरियो।

२· प्रस्ताव नं २ मा छलफल गर्दा गाउँ कार्यपालिकाबाट स्वीकृत भई यस सभामा पेश भएको गाउँ सभा संचालन कार्यविधि, २०७४ सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो।

३· प्रस्ताव नं ३ मा छलफल गर्दा गाउँ कार्यपालिकाबाट स्वीकृत भई यस सभामा पेश भएको ढोरचौर गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो।

४· प्रस्ताव नं ४ मा छलफल गर्दा ढोरचौर गाउँपालिकाको आर्थिक बर्ष २०७४/७५ को नीति, कार्यक्रम तथा बजेट (आर्थिक विधेयक र विनियोजन विधेयक) सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो।सर्सत अनुदान अन्तर्गतको कार्यक्रमहरु नेपाल सरकारको बनाएको सम्बन्धित विषयगत कार्यक्रम अनुरुप खर्च गर्ने र यस सम्बन्धी थप ब्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो।आर्थिक बर्ष २०७४/७५ लागि स्वीकृत नीति, स्थानिय तहको आर्थिक ऐन, २०७४ अनुसार स्वीकृत करका दर तथा सेवा शुल्क दस्तुर र विभिन्न शिर्षकमा विनियोजित बजेट तपसिलमा उल्लेख भएअनुसार रहने सर्वसम्मतले निर्णय गरियो।कार्यक्रम विना विभिन्न शिर्षकमा विनियोजन भएको रकमको हकमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुने सर्वसम्मतले निर्णय गरियो।

५· प्रस्ताव नं ५ मा छलफल गर्दा ढोरचौर गाउँ कार्यपालिकाको मिति २०७४/०३/३० को बैठक भत्ता सम्बन्धि निर्णय बमोजिम गाउँ कार्यपालिका, गाउँसभा, गाउँसभा तथा गाउँ कार्यपालिका अन्तर्गतका समिति र वडा समितिको बैठक बसे वापत प्रति  सहभागि प्रति बैठक रु १५००।- (एक हजार पाँच सय रुपैया मात्र) का दरले बैठक भत्ता उपलब्ध गराउने।तर एक महिनामा ३ वटा भन्दा बढी बैठक बसेतापनि ३ वटा बैठकको मात्र भत्ता उललब्ध गराउने र यो निर्णयहुनु भन्दा अघि बसेका बैठकको भत्ता पनि यही निर्णय बमोजिम उपलब्ध गराउने सर्वसम्मतले निर्णय गरियो। साथै भत्ता सम्बन्धी अन्य ब्यबस्था गाउँ कार्यपालिकाले बनाएको कार्यबिधि अनुसार हुने सर्वसम्मतले निर्णय गरियो।

तपसिल

निर्णय नं ४ सँग सम्बन्धित